काठमाडौं महानगरपालिका

विज्ञप्ती

मितिः २०७४/०९/१३

आज मिति २०७४ पौष १३ गते रानीपोखरी पुनर्निर्माणका सम्बन्धमा काठमाडौं महानगरपालिकाका प्रमुखको अध्यक्षतामा महानगरपालिकाका उप-प्रमुख, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव र पुरातत्व विभागका महानिर्देशक समेतको उपस्थितिमा छलफल भई देहाय बमोजिम गर्ने निर्णय गरिएको छ।

१. रानीपोखरीलाई प्रताप मल्लकालीन शैली, स्वरुप र निर्माण सामाग्री प्रयोग गरी पुनर्निर्माण गर्न देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) रानीपोखरी पुनर्निर्माणका सम्बन्धमा अध्ययन गरी १५ ( पन्ध्र)दिन भित्र सुझाव सहितको प्रतिवेदन दिन देहाय बमोजिमको एक विशेषज्ञ समिति गठन गर्ने ।

संयोजकः- श्री विष्णुराज कार्की,पूर्व महानिर्देशक, पुरातत्व विभाग

सदस्यः- श्री सुर्यभक्त साँगाछे,पूर्व महानिर्देशक, भवन विभाग

सदस्यः- श्री राजु मानन्धर,महाशाखा प्रमुख (सम्पदा), राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सदस्यः- श्री सुदर्शनराज तिवारी,संस्कृतिविद

सदस्यः- श्री पुरुषोत्तम डंगोल,स्ट्रक्चरल इन्जिनियर,पुरातत्व विभाग

सदस्यः- श्री काशीनाथ तमोट,संस्कृतिविद

सदस्यः- श्री सम्पत घिमिरे,डिभिजनल इन्जिनियर,पुरातत्व विभाग

सदस्यः- श्री राम बहादुर कुँवर,प्रमुख पुरातत्व अधिकृत,पुरातत्व विभाग

सदस्यः- श्री चिनियामान बज्राचार्य,वडा अध्यक्ष,काठमाडौं महानगरपालिका वडा नं २७

सदस्यः- श्री भाइराम खड्गी ,वडा अध्यक्ष,काठमाडौं महानगरपालिका वडा नं २८

सदस्य सचिवः श्री धनिराम शर्मा,प्रमुख प्रशासकीय अधिकृत,काठमाडौं महानगरपालिका

<u>सल्लाहकार</u>

माननीय श्री भिमसेनदाश प्रधान, रक्षामन्त्री

माननीय श्री केशव स्थापित, प्रदेश सभा सदस्य, काठमाडौं क्षेत्र नं ६(१)

श्री रन्जु दर्शना , राजनीतिकर्मी

(ख) उक्त विशेषज्ञ समितिको प्रतिवेदन प्राप्त भई अर्को निर्णय नभएसम्मका लागि रानीपोखरीमा हाल भईरहेको सम्पूर्ण निर्माण कार्य स्थगित गर्ने ।

विद्यासुन्दर शाक्य

प्रमुख

काठमाडौं महानगरपालिका